# आज बडादशैँको छैटौं दिन, कात्यायनी भगवतीको पूजा गरिँदै

**हिमालय टाइम्स**

काठमाडौं, २ कात्तिक

नेपालीहरूको महान् चाड बडादशैँअन्तर्गत आज (शुक्रबार) नवदुर्गाको छैटौं रूपअन्तर्गत कात्यायनी भगवतीको पूजा-आराधना गरिँदै छ । आश्विन शुक्ल षष्ठी तिथिमा शक्तिस्वरूपा भवानी माता कात्यायनीको पूजाआजा गरिन्छ । माता कात्यायनीलाई साहसको प्रतीक मानिन्छ ।

नवरात्रमा पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौं दिन स्कन्दमाता, छैटौं दिन कात्यायनी, सातौं दिन कालरात्रि, आठौं दिन महागौरी र नवौं दिन सिद्धिदात्रीको पूजा गर्ने गरिन्छ । दशैँ पर्वलाई असत्यमाथि सत्य र आसुरी शक्तिमाथि दैवी शक्तिको विजयको प्रतीकका रूपमा मनाउने गरिन्छ । घटस्थापनादेखि विजया दशमीसम्मको अवधिलाई नवरात्र पनि भनिन्छ । यस अवसरमा दुर्गादेवीको विशेष आराधना गरिन्छ । दुर्गादेवीका तीन रूप महाकाली, महालक्ष्मी र महासरस्वतीको नवरात्रभर विधिपूर्वक आह्वान गरी पूजा गरिन्छ ।

उपत्यकामा मैतिदेवी, कालिकास्थान, भद्रकाली, नक्साल भगवती, शोभा भगवती, विजेश्वरी, रक्तकाली, श्वेतकाली, दक्षिणकाली, इन्द्रायणी, सुन्दरीमाई, बज्रयोगिनीलगायत प्रसिद्ध शक्तिपीठ छन् । यस्तै देशभरमा रहेका विभिन्न शक्तिपीठमा देवीको विशेष आराधना, पूजा गर्ने गरिन्छ । काभ्रेको नाला भगवती, काभ्रेकै पलाञ्चोक भगवती, नुवाकोटका जाल्पामाई र भैरवी, ताप्लेजुङको पाथीभरा, धरानको दन्तकाली, गोरखाको मनकामना, सप्तरीको छिन्नमस्ता, पोखराको विन्ध्यवासिनी, बागलुङ कालिका, भोजपुरको सिद्धकाली, अर्घाखाँचीको अर्घा र खाँची, डडेल्धुराको उग्रतारालगायत मन्दिरमा विशेष पूजा-आराधना हुने गर्दछ । नवरात्रका अवसरमा शक्तिपीठमा पुगी पूजा-आराधनासहित देवीको दर्शन गरेमा मनोकांक्षा पूरा भई वर्षभरका लागि शक्ति प्राप्त हुने विश्वास गरिन्छ । यसै विश्वासका आधारमा देशभरका शक्तिपीठमा नवरात्रभर भक्तजनको भिड लाग्ने गर्छ ।

# बुद्धचित्तको बिरुवा बेच्दै सिन्धुलीका छेडुप

**राधिका बुढाथोकी/हिटा**

सिन्धुली, ३ कात्तिक

सिन्धुलीको सुनकोसी गाउँपालिका-१ घ्याम्पाटारका छेडुप लामाले बिरुवा बेचेर आम्दानी लिन थाल्नु भएको छ । चार वर्षदेखि बुद्धचित्तको नर्सरी गर्दै आउनुभएका उहाँ बुद्धचित्तको बिरुवा बिक्री गरेर आम्दानी लिन थाल्नु भएको हो । उहाँको नर्सरीमा हाल ३८ सय बिरुवा छन् । यस बिरुवाबाट यो वर्ष दश लाख आम्दानी हुने अपेक्षा रहेको उहाँले बताउनुभयो । 'बुद्धचित्तका धेरै प्रकार छन् । रुद्राक्षको झैँ तीन मुखे, चार मुखे, पाँच मुखे हुन्छन् । मेरो नर्सरीमा तीन मुखे, चार मुखे र पाँच मुखेको बिरुवा छ,' उहाँले भन्नुभयो ।

प्रतिबिरुवा १२ सयदेखि दुई हजारसम्ममा बिक्री हुने लामाले बताउनुभयो । धेरै बिरुवा रोप्ने किसानलाई विशेष छुटमा दिने उहाँको भनाइ छ । 'एकै बोटबाट लाखौँ आम्दानी लिन सकिने बुद्धचित्तको व्यावसायिकता बढाउन यसो गरेको हुँ,' उहाँले भन्नुभयो । गर्तिर क्षेत्रमा बढी हुने बुद्धचित्तको खेतीमा मनग्य आम्दानी हुने भएकाले पछिल्लो समय किसान हौसिँदै गएका उहाँको धारणा छ । उहाँकाअनुसार बुद्ध धर्मालम्बिहरूले बुद्धचित्त मालाको रुपमा प्रयोग गर्दै आएका छन् । माला महँगो पर्न थालेपछि किसानले बोटबाटै बुद्धचित्त लाखौँ रुपैयाँमा बिक्री गर्ने गरेका छन् । बिरुवा रोपेको तीनदेखि चार वर्षमा फल लाग्न सुरु हुने बुद्धचित्तको एउटै बोटमा हजारौँ दाना फल्ने गर्दछ । तीनदेखि सात मुखेसम्म हुने फलको प्रकार हेरी एउटै दानाको चार सय रुपैयाँदेखि लाखौँ रुपैयाँसम्ममा बिक्री वितरण हुने जानकार किसान बताउँछन् ।

## चीनमा उपप्रधानमन्त्री...

« पृष्ठ १ बाट क्रमशः

श्रेष्ठ अहिले निरन्तर निगरानी, उपचारका लागि मेडिकल आईसीयूमा रहनुभएको र उहाँ स्थिर अत्यावश्यक संकेतहरूका साथ पूर्णरूपमा सचेत रहनुभएको पनि अस्पतालले जनाएको छ । यता, चिनियाँ सरकार र पार्टीका उच्च अधिकारीहरूले उच्चतम् प्रविधि अपनाउन र उहाँको उपचारमा विशेष ध्यान दिन अस्पताल प्रशासनलाई निर्देशन दिएको छ । पारिवारिक स्रोतका अनुसार उपप्रधानमन्त्री श्रेष्ठका सहयोगी सुसन कर्मचार्य आज (शुक्रबार) उहाँको स्वास्थ्य अवस्था बुझ्नका लागि बेजिङतर्फ जानुहुने पारिवारिक स्रोतले बताएको छ ।

नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै चीन जानुभएका उपप्रधानमन्त्री श्रेष्ठ बुधबारमात्रै आयोजित तेस्रो 'बेल्ट एण्ड रोड फोरम फर इन्टरनेशनल कोअपरेशन'को उद्घाटन समारोहमा सहभागी हुनुभएको थियो । सो अवसरमा उहाँले 'प्रकृतिसँग सद्भावका लागि हरित सिल्क रोड' भन्ने नाराका साथ आयोजित साझा विकासका लागि हरित विकाससम्बन्धी उच्चस्तरीय मञ्चलाई सम्बोधन गर्नुभएको थियो । बीआरआई शिखर मञ्चमा भाग लिन उहाँ चीन जानुभएको हो ।

## समस्याहरू समाधानका...

« पृष्ठ १ बाट क्रमशः

त्यसले एकातिर राष्ट्रिय एकतालाई कमजोर बनाउने काम भइराखेको छ । विभिन्न खालको संकीर्णता, विभिन्न गैरजिम्मेवार खालका अभिव्यक्तिहरू, तरिकाहरू, शैलीहरू यिनीहरूले । अर्कातिर, समाज विकृति, गैरजिम्मेवार भइराखेको छ । यस्तो अवस्थामा जिम्मेवारीबोध कसरी गराउने ? मान्छेलाई अनुशासित ढंगले कर्तव्य पालनामा लाग्नुपर्छ भन्ने कुरा कसले बुझाउने, कसरी बुझाउने ? यस कुरामा अनुशासन सिकेर, अनुशासनको पालना गरेर, अनुशासन व्यवहारमा कार्यान्वयन गरेर आएका भूतपूर्व सैनिक र प्रहरी जति यो कुरा सिकाउनका लागि उपयुक्त अरू कोही हुन सक्दैन ।'

### माघभित्र जिल्ला र पालिका अधिवेशन

नेकपा एमालेले आगामी माघ मसान्तभित्र पार्टीका जिल्ला तथा पालिका तहका अधिवेशनहरू सम्पन्न गर्नेगरी योजना बनाउन सम्बन्धित कमिटीलाई परिपत्र गर्ने भएको छ । पार्टीको केन्द्रीय संगठन विभागको असोज ३० गते बसेको बैठकले प्रदेश कमिटीहरूका अधिवेशन निर्धारित समयमा सम्पन्न भइसकेकाले जिल्ला, स्थानीय तह र वडा तहका कमिटीका अधिवेशन सम्बन्धमा निर्णय लिएको हो । बैठकले फागुन र चैत महिनामा पार्टी सदस्यता नवीकरणसँगै वडा र टोल कमिटीका अधिवेशन सम्पन्न गर्ने निर्णय गरेको एमालेले जनाएको छ । पार्टीका स्थायी कमिटी सदस्य तथा संगठन विभाग प्रमुख काशीनाथ अधिकारीको अध्यक्षतामा बसेको बैठकले सदस्यता प्रमाणीकरण प्रतिवेदन अनुमोदन गरेको छ । सोअनुसार भारत प्रवास र अन्तर्राष्ट्रिय कमिटी मातहतका सदस्यबाहेक पार्टीका साढे पाँच लाख सदस्यहरूको सदस्यता प्रमाणीकरण भएको छ । बैठकले सदस्यता स्थानान्तरण पनि खुला गरेको पार्टीका केन्द्रीय सदस्य तथा संगठन विभाग सचिव माधव ढुंगेलद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ ।

### आत्मालोचना गरेमा उपयुक्त जिम्मेवारी

एमालेले विभिन्न समयमा पार्टीको कारबाहीमा परेका नेता तथा कार्यकर्ताप्रति लचिलो बन्ने भएको छ । नेकपा एमाले संगठन विभागको हालै सम्पन्न बैठकले सम्बन्धित पार्टी कमिटीको कारबाहीमा परेका तर कमजोरी स्वीकार गर्दै लिखित आत्मालोचना गरे पार्टीमा उपयुक्त जिम्मेवारी दिने निर्णय भएको संगठन विभाग प्रमुख काशीनाथ अधिकारीले जानकारी दिनुभयो । 'विभिन्न कारणले सम्बन्धित कमिटीको कारबाहीमा परेका तर आफ्नो कमजोरी आत्मसात् गरी लिखित आत्मालोचना गरेका र व्यवहारबाट विश्वास जितेका कमरेडहरूलाई उपयुक्त जिम्मेवारी दिएर परिचालन गर्न उदारता अपनाउन निर्देशन गर्ने निर्णय गरिएको छ', अधिकारीले बैठकको निर्णय उद्धृत गर्दै भन्नुभयो, 'आत्मालोचना गर्नेलाई पार्टीले पुनः अवसर दिन्छ भन्ने यसको सन्देश हो ।'

खासगरी एमालेले गत-२०७९ को निर्वाचनमा अन्तर्घात गर्ने तथा बागी-विद्रोही उम्मेदवारी दिनेलाई कारबाही गरेको थियो । तर कति सदस्यलाई कारबाही भएको छ भन्ने विवरण एमालेले गोप्य नै राखेको छ । असोज ३० मा बसेको संगठन विभागको बैठकले गरेको निर्णयहरूलाई एकीकृत गर्दै पार्टी मातहत सर्कुलर पठाउने एमालेले जनाएको छ । 'मिसन-८४ अभियान' चलाएको एमालेले-०८४ को निर्वाचनमा एक्लै ५१ प्रतिशत मत ल्याउने दाबी गर्दै आएको छ ।

### कात्तिक १४ मा चियापान

नेकपा एमालेले कात्तिक १४ गते पार्टीको केन्द्रीय कार्यालय च्यासलमा चियापना कार्यक्रम गर्ने भएको छ । विगत वर्ष झैँ बडादशैँ, तिहार र छठपर्वका अवसरमा चियापान कार्यक्रम राखिएको हो । चाडपर्वको अवसरमा शुभकामना आदान-प्रदान गर्नका लागि पार्टी अध्यक्ष केपी शर्मा ओलीको आयोजनामा चियापान गर्न राखिएको एमालेले जनाएको छ ।

**आज मिति २०८० कात्तिक ३ गते शुक्रबार, ई.सं. २० अक्टोबर, २०२३ । तिथि- आश्विन शुक्लपक्ष षष्ठी, नक्षत्र- मूल, योग- अतिगण्ड, करण- कौलव, चन्द्रराशि- धनु, सूर्योदय ६:०७ सूर्यास्त: १७:२९ ।**



## तपाईंको आज

ज्योतिषाचार्य
**नारायणप्रसाद भण्डारी**

| | |
|---|---|
| मेष | : राजनीतिक क्षेत्रको चुनौती थपिनेछ । |
| वृष | : दुर्घटनाका साथै चोटपटकको समेत भय रहेको छ । |
| मिथुन | : अपरिचित व्यक्तिसँग सहकार्यको अवसर मिल्नेछ । |
| कर्कट | : मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ । |
| सिंह | : सरकारी नोकरीमा केही झमेला बेहोर्नुपर्नेछ । |
| कन्या | : शारीरिक आलस्यताले कार्यक्षेत्रमा व्यवधान आउनेछ । |
| तुला | : कठिन परिस्थितिको डटेर सामना गरिनेछ । |
| वृश्चिक | : वैदेशिक क्षेत्रबाट शुभ समाचार मिल्नेछ । |
| धनु | : लक्ष्मी प्रशन्न रहनाले धनलाभ मिल्नेछ । |
| मकर | : प्रेमीप्रेमिकामा केही किचलो निम्तनेछ । |
| कुम्भ | : शत्रुले पनि काममा साथ दिने परिस्थिति बन्नेछ । |
| मीन | : पढाइलेखाइको सिलसिलामा स्थान परिवर्तन हुनेछ । |

## घटुवाको प्रमुख...

« पृष्ठ १ बाट क्रमशः

सरकारले आयोगको अध्यक्षमा सर्वोच्च अदालतका पूर्वन्यायाधीश तपबहादुर मगर र सदस्यमा सूर्यप्रसाद ढुंगेल, मिहिर ठाकुर, मनोज दुवाडी र लीली थापालाई नियुक्त गरेको थियो ।

प्रधानमन्त्रीसहित परिषद्का तीन सदस्य बसेर नियुक्तिको सिफारिश गरेका थिए । प्रधानमन्त्री केपी शर्मा ओली, निलम्बित प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा र राष्ट्रियसभाका अध्यक्ष गणेश तिमल्सिनामात्र बसेर सिफारिश गर्नुभएको थियो । यो सिफारिशले संविधानको संसदीय सुनुवाइको प्रावधान उल्लंघन गरेको र अपारदर्शी भएको भन्दै यूएनले प्रश्न उठाउँदै आएको छ । संयुक्त राष्ट्रसंघका विभिन्न विषयगत समितिका 'स्पेसल र्‍यापोर्टर'हरूले २०७९ वैशाख १४ गते जेनेभाबाट विज्ञप्ति जारी गर्दै सरकारले आयोगमा गरेको नियुक्ति अपारदर्शी, पेरिस सिद्धान्तविपरीत र खुला नभएको टिप्पणी गरेका थिए । त्यसअघि आयोगमा गरिएको अपारदर्शी नियुक्तिलाई लिएर राष्ट्रिय मानवअधिकारवादी संस्थाहरूको विश्वव्यापी सञ्जाल (गानरी) ले प्रश्न उठाएको थियो । संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय (ओएचसीएचआर)ले सञ्जालको सचिवालयका रूपमा काम गर्ने भएकाले संयुक्त राष्ट्र संघको पनि प्रश्न थियो । यूएन ओएचसीएचआरले नेपालसहित हङकङको एक संस्थाले गरेको उजुरीको आधारमा पत्र लेखेको थियो । मानवअधिकार आयोगलाई लेखेको पत्र मन्त्रिपरिषद् कार्यालय र परराष्ट्र मन्त्रालयमा पुगेको थियो । सरकारले जवाफ लेखेर पठाएपछि उच्च आयुक्तको कार्यालयले हालै दोस्रोस्तरमा घटुवा गर्ने सिफारिश गरेका थियो ।

## के हुन्छ ग्रेड...

« पृष्ठ १ बाट क्रमशः

साथै, राष्ट्रसंघीय 'स्पेसल र्‍यापोर्टर'हरूको प्रतिवेदनमाथि हुने छलफलमा सहभागी हुन पाउँछन् ।

यदि गानरीको सुझाव लागू भएर आयोगको स्तर 'ख'मा झऱ्यो भने देशकै बदनाम हुन्छ । त्यसपछि आयोगले मानवअधिकार परिषद्मा सम्बोधन गर्न पाउँदैन, मत दिन पाउँदैन, केवल पर्यवेक्षक भएर बस्नुपर्ने हुन्छ । पंक्तिकारलाई आयोग गठन हुनुअगाडि २०५३-५५ मा वरिष्ठ सरकारी अधिवक्ता हुँदा जेनेभामा मानवअधिकार आयोगमा तीनपटक प्रतिनिधित्व गर्ने अवसर मिलेको थियो । ४७ सदस्यीय परिषद्मा नेपाल सक्रिय थियो । नेपालको निकै सराहना हुन्थ्यो । अब स्तर घट्यो भने प्रतिष्ठा जान्छ ।

मानवअधिकारवादी संस्थाहरूको विश्वव्यापी सञ्जालले हरेक चार वर्षमा मूल्यांकन गरेर राष्ट्रिय मानवअधिकार आयोगहरूको ग्रेड निर्धारण गर्छ । सन् २००० मा आयोग स्थापनापछि भएको हरेक मूल्यांकनमा 'ए ग्रेड'मा पर्दै आएको नेपालको पछिल्लो मूल्यांकन सन् २०१९ मा भएको थियो । नियमित मूल्यांकनको पालो सन् २०२३ मा मात्र आउँछ । तर, 'थर्ड पार्टी कम्प्लेन'का आधारमा भने बीचमै मूल्यांकन हुन सक्दछ । नेपाल घटुवा भए नेपालले सुरक्षा परिषद्को अस्थायी सदस्यमा घोषणा गरेको उम्मेदवारीमा समेत प्रत्यक्ष असर पर्नेछ ।

## सरकारद्वारा मानवअधिकार...

« पृष्ठ १ बाट क्रमशः

समझदारीपत्र स्वीकृत गरी सोहीबमोजिमको समझदारीपत्रमा समकक्षीलाई हस्ताक्षर गर्न युवा तथा खेलकुद मन्त्रालयलाई स्वीकृत प्रदान गर्ने । नेपाल र कतार सरकारबीच हुने संलग्न प्रोटोकल बिट्इन गभर्मेन्ट अफ नेपाल एण्ड द गभर्मेन्ट अफ द स्टेट अफ कतार अन कोप्रेसन इन द फिल्ड अफ प्रेस एण्ड इन्फर्मेसन विषयक संलग्न समझदारीपत्र स्वीकृत गर्ने । मन्त्रालयलाई सरकारका तर्फबाट उक्त समझदारीपत्रमा समकक्षी मित्रलाई हस्ताक्षर गर्न अख्तियारी दिने', निर्णय भएको छ ।

यस्तै, सरकारले आव २०८०/८१ का लागि महान्यायाधिवक्ताको कार्यालयमा एकजना सूचना प्रविधि अधिकृतको अस्थायी दरबन्दी सिर्जना गर्ने भएको छ । सरकारले २०८० असोज २६ देखि कात्तिक २ गतेसम्म भारतमा हुने प्रधानमन्त्री गतिशक्ति गुरुयोजनाको अवलोकन भ्रमणमा राष्ट्रिय योजना आयोगका सदस्य डा.रामकुमार फुयाँलको नेतृत्वको प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति दिने, आव २०८०/८१ औद्योगिक प्रयोजनको लागि आवश्यक पर्ने कच्चा पदार्थ सुपारी, केराउ र मरिचको पैठारी गर्न अनुमति दिने, थाइल्याण्डको बैंककमा २०८० कात्तिक २ देखि ३ गतेसम्म आयोजनामा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतलाई सहभागी हुन स्वीकृति दिने, दुग्ध विकास संस्थानको सञ्चालक समितिका सदस्य डा.वेदबहादुर क्षेत्रीलाई संस्थानको सञ्चालक समितिको अध्यक्ष तोक्ने निर्णय गरेको छ ।

त्यस्तै रेल्वे सेवा सञ्चालन र मर्मत संभारका लागि तालिम प्राप्त जनशक्ति, आवश्यक उपकरण एवं मालसामान सरकार तथा सरकारी प्रक्रियाबाट सम्झौता गरी खरिद गर्न सैद्धान्तिक स्वीकृति दिने, रेल, मेट्रोरेल तथा मोनोरेल विकास आयोजनामा आव २०८०/८१ का लागि विभिन्न सेवा, समूह, उपसमूहका अधिकृतस्तरका १४ अस्थायी दरबन्दी स्वीकृत गर्ने, अन्तर्राष्ट्रियस्तरको क्रिकेट र बक्सिङ प्रतियोगितामा विजयी तथा पदक प्राप्त खेलाडी सहभागी मुख्य प्रशिक्षक, सहायक प्रशिक्षक, फिजियो र व्यवस्थापक (अफिसियल)लाई पुरस्कार प्रदान गर्ने निर्णय पनि गरेको छ । त्यस्तै सरकारले २०८० मंसिर १९ र २० गते मित्रराष्ट्र घानामा संयुक्त राष्ट्रसंघद्वारा आयोजना हुने २०२३ कार्यक्रममा उपप्रधान एवं रक्षामन्त्री पूर्णबहादुर खड्कालाई सहभागी हुन स्वीकृति दिने, सिन्धुली जिल्लाको सुनकोशी गाउँपालिकालाई १५ शैय्याको प्राथमिक अस्पताल निर्माणका लागि सोही गाउँपालिकाको वडा-३ स्थित ७.२ रोपनी जग्गा प्रयोग गर्न स्वीकृति दिने, माथिल्लो शीतखोला साना जलविद्युत् आयोजनाको भौतिक पूर्वाधारहरू निर्माणका लागि अर्घाखाँची जिल्लाको शीतगंगा नगरपालिका वडा-४ र ५ स्थित १.८४ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने, अवकाशप्राप्त गैरनेपाली नागरिक अस्थायी शिक्षकहरूलाई सुविधा प्रदान गर्ने निर्णय गरेको छ ।

सरकारले आगामी २०८० कात्तिक १३ देखि १६ सम्म भारतको नयाँदिल्लीमा आयोजना हुने सभामा स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेत, सचिव डा.रोशन पोखरेल र अतिरिक्त स्वास्थ्य सचिव डा.विकास देवकोटालाई सहभागी हुन स्वीकृति प्रदान गर्ने निर्णयसमेत गरेको छ ।

## दुई नेता पुनबीचको...

« पृष्ठ १ बाट क्रमशः

४ मंसिरमा भएको चुनावमा गठबन्धनबाट प्रतिनिधिसभामा माओवादीका वर्षमान पुन र प्रदेशसभातर्फ (क)मा माओवादीकै जोखबहादुर महरा र (ख) मा कांग्रेसका अमरसिंह पुन उम्मेदवार बन्नुभएको थियो । तर कांग्रेस प्रदेश सभापतिसमेत रहनुभएका अमरसिंह पुनविरुद्ध माओवादी केन्द्रका दिपेन्द्र पुनले बागी उम्मेदवारी दिनुभयो ।

दिपेन्द्रले स्वतन्त्र उम्मेदवारका रूपमा चुनाव पनि जित्नुभयो । प्रदेशसभा सदस्य भएपछि दिपेन्द्र पुनः माओवादीमा फर्कनुभयो । अहिले माओवादीले उहाँलाई मन्त्री बनाउने निर्णय गरेपछि कांग्रेस प्रदेश सभापति पुन असन्तुष्ट बन्नुभएको छ । सभापति पुन जसरी पनि दिपेन्द्रलाई मन्त्री बन्न नदिने पक्षमा रहेको कांग्रेस नेताहरू बताउँछन् ।

यसका लागि उहाँले कांग्रेसबाट मुख्यमन्त्री बन्नुभएका डिल्लीबहादुर चौधरीलाई मन्त्रालय संख्या नथप्न दबाब दिनुभएको छ । २७ भदौमा बसेको कांग्रेस लुम्बिनी प्रदेश कार्यसम्पादन समितिको बैठकले नै प्रदेशको आर्थिक भार थपिने र जनतामा नकारात्मक सन्देश जाने भन्दै हालकै मन्त्रालय यथावत् राख्न निर्देशन दिएको छ । मन्त्रालय संख्या नबढाउँदा माओवादी केन्द्रले एउटामात्र पाउने र त्यसो गर्दा दिपेन्द्र पुन रोकिने कांग्रेस प्रदेश सभापति अमरसिंह पुनको बुझाइ रहेको नेताहरू बताउँछन् । कांग्रेस प्रदेश सभापति पुनले भने मुलुकको अर्थतन्त्र संकटमा रहेको र संघीयतामाथि प्रश्न उठिरहेको बेला आर्थिकभार थप्ने गरी मन्त्रालयको संख्या थप्दा जनतामा राम्रो सन्देश नजाने भएकाले मन्त्रालय यथावत् राख्न सुझाव दिएको बताउनुभयो । साथै माओवादीबाट सिफारिश हुनुभएका दिपेन्द्र पुनलाई मन्त्री बनाउने प्रस्तावमा आफूहरूको विमति रहनेसमेत उहाँले बताउनुभयो । 'गठबन्धनको मर्मविपरीत गएर चुनाव लडेको मान्छेलाई मन्त्री बनाउने कि नबनाउने भन्ने माओवादीको नैतिकताको कुरा हो,' उहाँले भन्नुभयो, 'गठबन्धनविरुद्ध गएको व्यक्तिलाई गठबन्धनकै सरकार रहेको बेला मन्त्री बनाउने कुरामा हाम्रो पार्टीको विमति छ ।' साथै सरकार गठनकै क्रममा भएको गठबन्धनविरुद्ध गएकाहरूलाई सरकारमा नल्याउने सहमतिविपरीत माओवादीले पुनलाई मन्त्री सिफारिश गरेको उहाँको आरोप छ ।

माओवादीका लुम्बिनी प्रदेश अध्यक्ष सुदर्शन बराल पनि आफूहरूले पठाएको नाममा कांग्रेसको असन्तुष्टि भन्ने सुनेको बताउनुहुन्छ । उहाँले भन्नुभयो, 'नामलाई नै लिएर असन्तुष्टि हो भने सत्ता पक्ष पार्टीको प्रमुख नेताका हैसियतले उहाँले औपचारिक रूपमा भन्नुपर्छ ।' तत्काल मन्त्री नियुक्त गर्नुपर्ने माओवादी दबाब र मन्त्रालय नफुटाउन आफ्नै दल कांग्रेसको निर्देशनपछि मुख्यमन्त्री चौधरी अठ्यारोमा पर्नुभएको छ ।

१४ वैशाखमा पद सम्हाल्नुभएका मुख्यमन्त्री चौधरी नेतृत्वको मन्त्रिपरिषद्मा कांग्रेसबाट राजु खनाल स्वास्थ्य र माओवादी केन्द्रबाट धनबहादुर मास्की अर्थमन्त्री हुनुहुन्छ । साना दलबाट भण्डारी लाल अहिर कृषि तथा भूमि व्यवस्था, चन्द्रकेश गुप्ता सामाजिक विकास र धर्मबहादुर चौधरी भौतिक पूर्वाधार विकासमन्त्री हुनुहुन्छ । खानेपानी, ग्रामीण तथा शहरी विकास, वन तथा वातावरण र उद्योग पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय अहिले पनि मुख्यमन्त्री चौधरीसँगै छ । गठबन्धनमा मन्त्रालय फुटाउने र कांग्रेसबाट तीन तथा माओवादीबाट दुई मन्त्री थप्ने सहमति छ । सहमतिनुसार माओवादी केन्द्रले मन्त्रीका लागि दिपेन्द्रकुमार पुनमगर (सिजल) र कृष्णा केसीको नाम पठाएको छ ।


**Gaindakot Municipality**
**Office of Municipal Executive**
**Gaindakot-5, Nawalparasi (B-S East)**
**Gandaki Province, Nepal**

**INVITATION FOR BID**

**Date of Publication: 20th October, 2023**

1. *Gaindakot Municipality* invites electronic bid from eligible bidders for the Construction of Municipal Structures as listed below under the National Competitive Bidding (NCB) procedures.

| Contract No./ID | Description of Works | Total Estimated Amount (Without VAT) NRs. | Bid Security Amount (NRs.) | Last Date of Bid Submission | Bid Opening Date and Time | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|---|
| 03/GM/NCB/2080-081 | Construction of Rigid Pavement Road from Masu Factory to Jayshree School at Gaindakot Muncipality- 07, Nawalpur (East) | 1,71,92,878.57/- | 4,90,000/- | 21st November, 2023 12:00 Hours NST | 21st November, 2023 13:00 Hours NST | Rs.3,000/- |
| 04/GM/NCB/2080-081 | Construction of Ward Office Building at Ward No.1, Gaindakot Municipality, Nawalpur | 1,11,70,610.78/- | 3,20,000/- | 21st November, 2023 12:00 Hours NST | 21st November, 2023 13:00 Hours NST | Rs.3,000/- |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at *Gaindakot Municipality, Nawalparasi, Phone No. 9846922628* or may visit PPMO website www.bolpatra.gov.np/egp and look after the published bid by *Gaindakot Municipality.*

**Chief Administrative Officer**

**Simkot Rural municipality,**
**Office of Rural Municipal Executive**
**Simkot, Humla**

**Invitation for Bids**

**Date of publication: 2080/07/03**

1. The Simkot Rural municipaliy invites electronic bids from Nepalese eligible bidders for the work under National Competitive Bidding procedures. The estimated amount for the works are Rs. ***As mentioned below.***
2. A complete set of Bidding Documents may be purchased by eligible bidder, upon payment of a non-refunadable fee of RS 3000 till 2080/08/04 during office time. Information to deposite the cost of bidding document in bank.

**Name of the bank** : RBB Humla **Name of office** : Simkot Rural municipaliy. **Office Account no** : 41900303000003 (Dharauti )

**Rajaswa (revenue) shirshak no.** : 4190100301010003 ( Rajaswa)

3. Pre-bid meeting shall be held on 2080/07/22
4. Bidders may obtain further information from the PPMO web portal www.bolpatra.gov.np.

**Details of Work**

| S. N | Contract Id No. | Description of Works | Location of site | Estimated Amount With VAT &PS | Bid Security Amount in NRs. | Bid Document cost | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | SRM/NCB/W/01/2080-81 | Building Construction of ward office | SIMKOT RM 8 | 12557458 | 300000 | 3000 | |
| 2 | SRM/NCB/W/02/2080-81 | constructions of Gyagru Irrigation | SIMKOT RM 2 | 4836263 | 100000 | 3000 | |

**Chief Adminstrative Officer**